वर्ष ६, अंक ४
असार, June 2015

# ICAN Newsletter

## नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको खबरपत्र

**प्रिय मित्रहरू,**



नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको अध्यक्षको हैसियतमा यो मेरो अन्तिम मन्तव्य हो । जब मैले संस्थाको अध्यक्षताको जिम्मेवारी लिंए त्यसबेला २०१४/१५ देखि २०१६/१७ सम्मको संस्थाको रणनैनिक योजना प्रस्तुत गरेको थिएँ जुन माननीय अर्थमन्त्रीबाट बिमोचन भएको थियो । रणनैनिक योजना अनुसार २०१४/१५ को योजनाहरू धेरै हदसम्म कार्यान्वयन गर्न सफलता मिलेकोमा मलाई निकै गर्व लागेको छ ।

### आचरण र विश्वास अभिबृद्धि

२००८ को आर्थिक मन्दीको कारण विश्वव्यापी रूपमा लेखाव्यावसायमा निकै चुनौति पैदा भयो । यी चुनौतिहरूको कारण लेखाव्याावसायमा शताव्दीऔं देखि कायम रहेको ख्याती बिस्तारै तल भर्न अवस्थामा पुग्न गयो । यसबाट बिश्वका लेखाव्यवसायीहरूलाई एक जुट हुन हौसला प्रदान गऱ्यो । IFAC को Independent Ethics Board ले तयार पारेको आचार संहिताले लेखाव्यवसायीहरूलाई जनचाहना अनुसार कार्यगर्न बढी उत्तरदायी बनायो । नेपालको सन्दर्भमा उत्तरदायित्व बहनता, पवित्रता र सुशासनमा रहेको कमी कमजोरीको कारण नीजि क्षेत्र सार्वजनिक क्षेत्र र सरकारी क्षेत्रमा कानूनी जटिलताहरू प्रमुख रूपमा रहेको पाईन्छ । भारतीय पूर्व राष्ट्रपति Dr. A. P. J Abdul Kalam को सिद्धान्त "Work with integrity and succeed with integrity" "इमान्दार भई कार्य गर र इमान्दार भई सफल बन" भनेभैं प्रत्येक लेखाव्यवसायीले यसलाई अनुसरण गर्नुपर्ने देखिन्छ । स्थापना काल देखिनै संस्थाले नैतिकता र इमान्दारितालाई अंगाल्दै आएको छ । संस्थाले आफ्ना सदस्यहरूको लागि आचार संहिता लगाएको छ । IFAC को आचार संहिता २०१० लाई आधार बनाई संस्थाले आफ्ना सदस्यहरूको लागि आचार संहिता लगाउदै आएकोमा जनवरी १, २०१६ देखि IFAC को आचार संहिता २०१४ लाई आधार बनाई सदस्यहरूलाई आचार संहिता लगाउने परिषदले निर्णय गरेको छ ।

### राष्ट्र निर्माणमा साझेदारी
### सार्वजनिक वित्तीय व्यवस्थापन सुधारको शुरूआत

राष्ट्र विकासमा सार्वजनिक वित्तीय व्यवस्थापनको कमजोर पहुंचको कारण परियोजनाहरूको सफल संचालन हुन सकिराखेको छैन जसको फलस्वरूप अपेक्षित प्रतिफल प्राप्त हुनसकेको पाईदैन । सार्वजनिक वित्तीय व्यवस्थापनमा सुधारको आवश्यता भएकोले यस सम्बन्धमा छलफल गर्न संस्थाले २०१५ मार्च २८ मा गोलमेच र मार्च २८ - २९ मा अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गरेको थियो । कार्यक्रममा सार्वजनिक वित्तीय व्यवस्थापन सुधारका सम्बन्धमा छलफल गर्न नेपाल तथा अन्तर्राष्ट्रिय लेखाव्यवसायी संस्थाहरूबाट बिज्ञहरूको सहभागिता रहेको थियो । कार्यक्रमका लागि CAPA र The World Bank ले सहयोग गरेका थिए ।

### आयकर तथा मूल्य अभिबृद्धि कर सम्बन्धी
### उच्चस्तरीय कर सुझाव आयोग (HLTRSC) लाई सुझाव प्रस्तुत

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले उच्चस्तरीय कर सुझाव आयोग (High Level Tax Review Suggestion Commission) (HLTRSC) लाई आयकर तथा मूल्य अभिबृद्धि करमा हुनुपर्ने सुधारका सम्बन्धमा लिखित रूपमा सुझाव पेश गरेको छ । यस सन्दर्भमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका पूर्व अध्यक्ष सिए. तीर्थराज उपाध्यायको पहलमा अन्तरक्रिया कार्यक्रम संचालन गरिएको थियो । अन्तरक्रिया कार्यक्रममा प्रस्तुत भएको मस्यौदा माथि संस्थाका अध्यक्षले टिप्पणी गर्नुभएको थियो ।

### प्रधानमन्त्री दैवीप्रकोप राहत कोषमा योगदान

मुलुकका केही जिल्लामा बैशाख १२, १३ र २९, २०७२ मा आएको विनाशकारी भूकम्पले अपूर्णीय क्षती पुऱ्याएकोले पीडितहरूलाई सकेसम्म सहयोग पुऱ्याउन सकियोस भन्ने अभिप्रायले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले राहतकोष खडागरी रकम संकलनको अपिल गरेकोमा अन्तर्राष्ट्रिय लेखाव्यवसायी संस्थाहरूबाट साथै संस्थाका सदस्यहरूबाट सहयोग स्वरूप प्राप्त रकम २७,०४,४०८(सत्ताईस लाख चारहजार चारसय आठ मात्र) असार २२, २०७२ मा सम्माननीय प्रधानमन्त्रीज्यूलाई हस्तान्तरण गरेको छ ।

### पुनर्निर्माण र पुनःस्थापनाका लागि नेपाल सरकारलाई संस्थाको सुझाव

सरकारले गर्न लागेको पुनर्निर्माण र पुनःस्थापनाका कार्यको प्रभावकारी संचालनको लागि सहयोग पुऱ्याउन सकियोस भन्ने हेतुले संस्थाले सरकारलाई १० बुंदे सुझाव पेशगरेको छ ।

### साफा बोर्ड बैठक

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स सस्थाले २७ मार्च २०१५ मा साफाको ३९औं बोर्ड बैठक काठमाडौमा सफलताका साथ आयोजना गऱ्यो ।




साफा बोर्ड बैठकका सहभागीहरूको सामूहिक तस्बिर

उक्त बोर्ड बैठकमा संस्थाका प्रथम अध्यक्ष एवं साफाका पूर्व अध्यक्ष सिए. कोमल बहादुर चित्रकारका साथै संस्थाका अध्यक्ष तथा उपाध्यक्ष लगायत साफा राष्ट्रका प्रतिनिधिको उपस्थिति रहेको थियो ।

### कापा पी.एस.एफ.एम समिति बैठक

संस्थाले मार्च २७, २०१५ मा काठमाडौंमा CAPA को Public Sector Financial Management(PSFM) कमिटीको बैठक आयोजना गऱ्यो । सो बैठक पश्चात संस्थाले विश्व बैंक र Confederation of Asian and Pacific Accountants (CAPA) को संयुक्त आयोजनामा गोलमेच र सार्वजनिक वित्तीय व्यवस्थापन सम्बन्धी गोलमेचको समेत आयोजना गरिएको थियो ।

### कापा गोलमेच सम्मेलन (CAPA Round Table)

संस्थाले मार्च २८, २०१५ मा विश्व बैंक र Confederation of Asian and Pacific Accountants को संयुक्त आयोजनामा काठमाडौंमा सार्वजनिक क्षेत्र वित्तीय व्यवस्थापन सम्बन्धी गोलमेच सम्मेलनको आयोजना गऱ्यो । गोलमेच सम्मेलनको उद्देश्य नेपाल तथा अन्तर्राष्ट्रिय जगतमा सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीको विकासमा भए गरेका प्रगति र अनुभव आदान प्रदान गर्नु रहेको थियो । यस गोलमेचको अर्को आकर्षण सरकारी अधिकारीहरू र अन्तर्राष्ट्रिय जगतका ख्याती प्राप्त विज्ञहरू वीचको उपस्थिति र छलफल रहेको थियो ।




कापा गोलमेचको एक दृष्य

कार्यक्रमको विधिवत शुभारम्भ गर्दै संस्थाका अध्यक्ष सिए. नरेन्द्र भट्टराई र कापा अध्यक्ष श्री Sejeewa Mudalige ले कार्यक्रम आयोजनाको उद्देश्य माथि प्रकाश पार्नुभएको थियो ।

## व्यावसायिक विकासका प्रयासहरू

### Information System Audit (ISA) Course

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले ICAI को प्रविधिक सहयोगमा ईन्फरमेसन सिस्टम अडिट (आईएसए) कोर्ष संचालन गरेको थियो । संस्थाका चार्टर्ड एकाउन्टेन्ट सदस्यहरूलाई प्राविधिक रूपमा समेत सक्षम बनाउने उद्देश्यले यो कोर्ष संचालन गर्दै आएको छ । कोर्षमा ३० जनाको सहभागिता रहेको थियो ।

### न्यूनतम लेखापरीक्षण शुल्क तथा पारिश्रमिक सम्बन्धमा

परिषदले संस्थाका सदस्यहरूले बिभिन्न निकायहरूको लेखापरीक्षण गर्दा लिनुपर्ने न्यूनतम लेखापरीक्षण शुल्क तथा पारिश्रमिक तोकेको छ । तोकिएको न्यूनतम लेखापरीक्षण शुल्क तथा पारिश्रमिकले युवा लेखापरीक्षकहरूमा लेखाव्यवसाय प्रति रूचि जगाउन सहयोग पुग्न गई लेखाव्यवसायमा संलग्न रहन उत्प्रेरित समेत गर्न मद्दत पुग्ने छ । न्यूनतम लेखापरीक्षण शुल्क तथा पारिश्रमिक २०७२ श्रावण १ बाट अनिवार्य रूपमा लागु हुने छ ।

### नेपाल लेखापरीक्षणमान २०१५ जारी

संस्थाले लेखापरीक्षणमान बोर्डले IFAC को Clarity Project को आधारमा रही तयार पारेको नेपाल लेखापरीक्षणमान २०१५ कार्यान्वयन गर्ने निर्णय गरेको छ । नयाँ लेखापरीक्षणमानहरू २०७२/७३ मा स्वच्छिक रूपमा र आर्थिक बर्ष ०७३/७४ बाट अनिवार्य रूपमा कार्यान्वयनमा आउने छ ।

### Quality Assurance Board गठनको पहल

संस्थाको नियमनकारी भूमिकालाई मजबुत बनाउने अभिप्रायले परिषदले Quality Assurance Board को गठन गर्ने निर्णय गरेको छ । निकट भविश्यमानै सरकारबाट बोर्डको स्थापनाको स्वीकृती पाउनेमा हामी आशावादी छौं ।

### उपकार कोषको (Benevolent Fund) स्थापना

परिषदले संस्थाका सदस्यहरूको हितको निमित्त एक उपकार कोषको स्थापना गर्ने निर्णय गरेको छ । संस्था कोषको संचालन कार्यबिधि तयार गर्ने क्रममा रहेको छ । परिषदबाट कार्यबिधि स्वीकृत भए पश्चात सदस्यहरूसंग सहयोगको लागि जानकारी गरिने छ ।

## शैक्षिक विकासका प्रयासहरू

### Board of Studies गठनको पहल

संस्थाको शैक्षिक प्रणालीलाई सुदृढ तुल्याउनुपर्ने आवश्यकता महशुस गरी एक सशक्त र स्थायी मापदण्ड तयार गरेर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको आवश्यकता र माग अनुसार दक्ष जनशक्ती तयार पर्ने प्रयास स्वरूप परिषदले Board of Studies गठन गर्न स्वीकृत गरेको छ । निकट भविष्यमानै सरकारबाट यस बोर्डको स्थापनाको गर्न स्वीकृती पाउनेमा हामी आशावादी छौं ।

### पठ्यक्रम संशोधन (Revision of Syllabus)

संस्थाले पठ्यक्रमलाई समयसापेक्ष रूपमा संशोधन गर्दै आएको छ । syllabus लाई पुनः तयार गर्ने निर्णय समेत भएको र यो काम २०१६ भित्र सम्पन्न गरिने छ । ICAEW संगको twinning arrangement को आधारमा पठ्यक्रम संशोधन गरिने छ ।

### छात्रबृत्तिकोषमा योगदान

संस्थाले गरिव तथा जेहेन्दार बिद्यार्थीहरूलाई छात्रबृत्ति प्रदान गर्दै आएको छ । संस्थाले आफ्नो बचतबाट छात्रबृत्ति कोषमा योगदान गर्दै आएको छ । छात्रबृत्ति कोषमा संस्थाका केही सदस्यहरूको समेत योगदान रहेको छ ।

### पदककोषमा योगदान

संस्थाका बिद्यार्थीहरूको उत्प्रेरणाको निमित्त सदस्यहरूद्वारा पदक कोषको स्थापना गरिएको छ । म व्यक्तिगत तवरमा संस्थाका अन्य सदस्यहरूलाई पदक कोषमा योगदानको निमित्त अपील समेत गर्दछु ।

## अन्तर्राष्ट्रिय सम्बन्ध

### WCOA २०१४ मा सहभागिता

इटलीको रोममा विश्वका बिभिन्न कुनाबाट जम्मा भएका ५००० भन्दा बढी लेखाव्यवसायीको जमघटमा World Congress Accountants २०१४मा मैले भाग लिने अवसर प्राप्त गरेको थिंए । World Congress Accountants २०१४ ले लेखाव्यवसाय विश्वव्यापी व्यवसाय हो भन्ने सन्देश दिनुका साथै यसबाट लेखाव्यवसायले विश्वव्यापी सार्वजनिक हित सम्बन्धी सेवा प्रदान गर्ने अवसर दिएको छ ।

### SAFA Board and Committee Meeting

संस्थाले दुईपटक जुलाई २०१४ र मार्च २०१५मा नेपालमा SAFA Board and Committee Meeting संचालन गरेको जानकारी गराउन पाउँदा मलाई खुशी लागेको छ ।

### CAPA PSFM Committee Meeting

संस्थाले मार्च २०१५ मा काठमाडौंमा CAPA Public Sector Financial Management (PSFM) Committee Meeting संचालन गरेको जानकारी गराउन पाउँदा मलाई निकै खुशी लागेको छ ।

### विश्व बैंकसंगको मजबूत कार्यगत सम्बन्ध

संस्था, CAPA तथा The World Bank को संयुक्त प्रयासमा २८ र २९ मार्च २०१५मा काठमाडौंमा PSFM सम्बन्धी गोलमेच तथा सम्मेलनको आयोजना भएको थियो । CAPA को प्रविधिक सहयोग र विश्व बैंकको प्राविधिक तथा वित्तीय सहयोगमा कार्यक्रम संचालन भएको थियो ।

### Report on Observance of Standards and Codes (ROSC) Review

ROSC- Accounting and Auditing review को कार्य सम्पन्न भई मस्यौदा प्रतिवेदन काठमाडौंमा भएको PSFM सम्मेलनमा प्रस्तुत भई छलफल भएको थियो । ROSC प्रतिवेदनलाई अन्तिम रूप दिने कार्य अन्तिम चरणमा रहेको र यसको कार्ययोजना तथा कार्यान्वयनको समयतालिका बारेमा विश्वबैंकसंग सहकार्यमा workout भइरहेको छ । प्रतिवेदनका व्यहोराहरू संस्थाले पनि लागु गर्नुपर्नेछ ।

### एशियाली बिकास बैंक (ADB) संगको सहमती

CAPA को सहयोगमा गुणस्तर आश्वस्तता प्रणलीको मार्ग चित्र (Quality Assurance System Roadmap) चाँडो तयार गर्न ADB संग सहमती भएको छ । हाल ADB consultant चयनको प्रक्रियामा रहेको र जुन चाँडैनै सम्पन्न हुने अपेक्षा गरिएको छ ।

### The Institute of Chartered Accountants of England and Wales (ICAEW) संगको MOU

परिषदले ICAEW संगको Mutual Recognition को लागि MOU मा हस्ताक्षर गर्न स्वीकृति प्रदान गरेको छ । सोको लागि छिटै समय र स्थान तोकी आपसी समझदारीको आधारमा हस्ताक्षर गरिने भएको छ । यसले अन्तर्राष्ट्रिय जगतमा हाम्रो पहिचान गराउन मद्दत गर्नेछ ।

### ICAEW संग Twinning Arrangement

WCOA २०१४मा ICAEW का अध्यक्ष तथा कार्यकारी अधिकृतसंग MRA तथा Twinning Arrangement सम्बन्धी छलफल भएको थियो । MRA पछि Twinning Arrangement भएमा Advance Taxation र Corporate Law बाहेक संस्थाको अन्य शैक्षिक प्रणाली तथा विषयहरू ICAEW संग मिल्नेगरी तयार हुनेछ । भूकम्पको कारण मे २०१५ मा काठमाडौं भैमणको कार्यक्रम रहेकोमा ICAEW को अध्ययन टोली सेप्टेम्बर २०१५ मा मात्र अध्ययन भ्रमणमा आउने भएको छ ।

### Diploma in IFRS संचालनको लागि ACCA संगको सहमति

संस्थाले Diploma in IFRS संचालनको लागि ACCA संग सहमति गरेको छ । जसअनुसार ACCA ले पाठ्य सामाग्री उपलब्ध गराउनुका साथै संस्थाको सदस्यहरूलाई परीक्षा शुल्कमा ५० प्रतिशत छूट समेत उपलब्ध गराउने छ । पहिलो व्याचको Diploma in IFRS परीक्षा जुन २०१५ मा गरिने भनिएता पनि भूकम्पको कारण डिसेम्बर २०१५ मा मात्र हुने भएको छ ।

### परिषद निर्वाचन २०१५

२०७२ जेष्ठ २९ गते शुक्रवार सातौं परिषदको निर्वाचन सफलता पूर्वक सम्पन्न भएको जानकारी गराउन पाउँदा मलाई खुसी लागेको छ त्यसैगरी सातौं परिषदको प्रथम कार्यकालको अध्यक्ष तथा उपाध्यक्षको निर्वाचन २०७२ असार ३० गते सम्पन्न भएको जानकारी समेत गराउन चाहन्छु । प्रथम कार्यकालको निमित्त अध्यक्ष तथा उपाध्यक्षमा क्रमशः सिए. प्रकाश लम्साल र सिए.महेश खनाल निर्विरोध निर्वाचित हुनुभएको छ । म नव निर्वाचित अध्यक्ष तथा उपाध्यक्ष लगायत सम्पूर्ण नवनिर्वाचित परिषद सदस्यहरूलाई बधाई दिन चाहन्छु । मलाई विश्वास छ सातौं परिषदले संस्था तथा लेखापरीक्षण व्यावसायलाई अझ उचाईमा पुऱ्याउन सक्रीय भूमिका खेल्ने छ ।

### अन्तमा मेरो भनाई

म संस्थाको परिषदको अध्यक्षको पदबाट खुसी तथा सन्तुष्टीका साथ बिदा लिंदैछु । सिए. प्रकाश लम्सालले उपाध्यक्षको रूपमा रहदा मलाई धेरै विषयमा सहयोग गर्नुभयो, त्यसको निमित्त उहाँलाई धन्यवाद दिन चाहन्छु । हाल उहाँ सातौं परिषदको प्रथम अध्यक्षको रूपमा निर्वाचित हुनुभएको छ । मलाई विश्वास छ उहाँको नेतृत्वले संस्था तथा लेखापरीक्षण व्यावसायको उचाई अझ माथि पुऱ्याउनु सक्रीय भूमिका खेल्ने छ ।

हामीलाई सहयोग र हौसला प्रदान गर्नुहुने माननीय अर्थमन्त्री डा. रामशरण महत, माननीय महालेखापरीक्षक भानुप्रसाद आचार्य, अर्थसचिव सुमनप्रसाद शर्मा, सचिव शंकरप्रसाद अधिकारी, सचिव नवराज भण्डारी, सह सचिव बैकुण्ठ अर्याल, सहसचिव मधुसुदन पोखरेल, डाईरेक्टर जनरल चुडामणि शर्मा, नायव महालेखापरीक्षक बाबुराम गौतम, उपसचिव बावुराम सुवेदीज्यू लगायत अर्थमन्त्रालय, महालेखापरीक्षक कार्यालय, महालेखा नियन्त्रकको कार्यालयका अधिकारीहरू प्रति सम्मान व्यक्त गर्दछु । त्यसैगरी छैठौं परिषदको पार्षद मित्रहरूबाट लेखाव्यवसायको विकासमा प्राप्त सहयोग र योगदानको कदर गर्दछु ।

अन्तमा, संस्थाका कार्यकारी निर्देशकको नेतृत्वका कर्मचारीहरूलाई संस्थाको विकासमा गरेको योगदानको निमित्त धन्यवाद दिन चाहन्छु । संस्थाको दीगो संरचनाले राम्ररी काम गरेको खण्डमा मात्र व्यवसायको विकास हुने कुरामा मेरो दृढ विश्वास रहेको छ ।

धन्यवाद !!

सिए. नरेन्द्र भट्टराई

अध्यक्ष

गोलमेचको प्रथम शेसनको प्रमुख विषयवस्तु "Overview of PFM System and Practices- Ice Breakers to Initiate Discussion मा अन्तर्गत दुईवटा कार्यपत्रहरू प्रस्तुत भएका थिए ।

गोलमेचको प्रथम शेसनको प्रमुख विषयवस्तु "Overview of PFM System and Practices- Ice Breakers to Initiate Discussion मा अन्तर्गत दुईवटा कार्यपत्रहरू प्रस्तुत भएका थिए जस अन्तर्गत CAPA का Chief Executive Mr. Brain Blood ले Eight Key Elements of PFM Success र संस्थाका अध्यक्ष सिए. नरेन्द्र भट्टराईले Macro Overview of PFM Reform Initiative in Nepal- SWOT Analysis प्रस्तुत गर्नुभएको थियो ।

दोस्रो शेसनको प्रमुख विषयवस्तु PFM Reform Initiatives in Nepal – Macroeconomic Management को केन्द्रीत रही नेपाल सरकार, अर्थमन्त्रालय बजेट महाशाखाका प्रमुख सहसचिव श्री बैकुण्ठ अर्यालले Upstream PFM which Include Planning and Budgeting Process, Resource Management: Internal and External, Budget Deficit, Allocation of Resources and Resource Prioritization, Growth Projection- Achievement, Challenges and Way Forward सम्बन्धमा प्रस्तुतीकरण गर्नुभएको थियो ।

त्यसैगरी तेस्रो शेसनको प्रमुख विषयवस्तु PFM Reform Initiatives- Treasury Management and Financial Reporting उपर चारवटा विविध शीर्षकहरू बरेमा प्रस्तुती गरिएका थिए । प्रस्तुतीको क्रममा महालेखा नियन्त्रक श्री शंकर प्रसाद अधिकारीले नेपालमा Treasury Single Account र NPSAS को सफलता बारेमा र नेपाल सरकार PEFA Secretariat का उपसचिव श्री बाबुराम सुवेदीले नेपालको PFM Reform Initiatives in Nepal बारेमा अनुभव प्रस्तुत गर्नुभएको थियो ।

चौथा शेसनको प्रमुख विषयबस्तु PFM Reform Initiatives- Audit and Assurance को आधारमा रही चारवटा प्रस्तुतीहरू भएका थिए नायव महालेखापरीक्षक श्री बाबुराम गौतमले OAG Initiatives and Challenges in Strengthening Quality and Impact of Financial and Performance Audit बारेमा अनुभव र धारण राख्नु भएको थियो । त्यसैगरी सार्वजनिक लेखा समितिका सचिव श्री सोम बहादुर थापाले PAC's Role and Initiative as an Oversight Parliamentary Committee to Enhance the Impact of Audit बारेमा अनुभव र धारण राख्नु भएको थियो ।

गोलमेचको अन्तिम शेसनको प्रमुख विषयबस्तु PFM Reform Initiatives in Nepal- Role of Professional Accountants in PFM Reform मा आधारित भई लेखापरीक्षणमान बोर्डका पूर्व अध्यक्ष सिए. नन्द किशोर शर्माले Role of PAO in Pronouncing Accounting Standards, Auditing Standards and Other Guidelines र Role of Accounting Professionals in PFM Reform Initiatives बारेमा प्रस्तुतीकरण गर्नुभएको थियो ।

हरेक शेसनमा साफा राष्ट्रका प्रतिनिधि र अन्तर्राष्ट्रिय जगतमा ख्याती प्राप्त विकासका साझेदार संस्थाका प्रतिनिधिहरूले समेत नेपालको PFM को सुधार प्रयासमा सहयोग पुग्ने गरी क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरको PFM सम्बन्धी परिप्रेक्षमा पृष्ठपोषण प्रदान गर्नुभएको थियो ।

कार्यक्रममा South Asia Region Financial Management- the World Bank का Manager Mr. Fily Sissoko र CAPA Chief Executive Mr. Brian Blood ले समापन मन्तव्य राख्नुभएको थियो । कार्यक्रमको अन्तमा संस्थाका अध्यक्ष सिए. नरेन्द्र भट्टराईले कार्यक्रमका वक्ताहरूलाई सम्मान स्वरूप चिनो प्रदान गर्नुभएको थियो ।

## सार्वजनिक वित्तीय व्यवस्थापन (Public Financial Management) सम्मेलन

संस्थाले मार्च २८ र २९, २०१५ मा विश्व बैंक र Confederation of Asian and Pacific Accountants को संयुक्त आयोजनामा काठमाडौंमा "PFM Reform for Nation Building- Global and Nepalese Perspective" नामक सम्मेलन आयोजना सम्पन्न गर्‍यो । सम्मेलनको मुख्य उद्देश्य नेपालले सार्वजनिक वित्तीय




माननीय अर्थमन्त्री डा. रामशरण महत सम्मेलनमा द्विप प्रज्वलन गर्नुहुंदै ।

व्यवस्थापन प्रणालीको विकासमा थालनी भएका प्रयासहरूको सन्दर्भमा क्षेत्रीय तथा अन्तर्राष्ट्रिय अनुभव र प्रचलन बारेमा सम्बन्धित सरोकारवालाहरूसंग सुशासन र आर्थिक विकास बारेमा छलफल, अनुभव र विचारहरूको आदान प्रदान गर्नुरहेको थियो । सम्मेलनमा सरकारी उच्च ओहदाका कर्मचारीहरू लगायत नेपाल र अन्य मुलुकका बिज्ञहरूको सहभागिता रहेको थियो । सम्मेलनको उद्घाटन प्रमुख अतिथि माननीय अर्थमन्त्री डा. रामशरण महतले गर्नुभएको थियो ।

सम्मेलनमा पूर्व अर्थसचिव श्री. रामेश्वर खनालले प्रमुख वक्ताको रूपमा बोल्नु भएको थियो । उहांले सार्वजनिक वित्तीय व्यवस्थापनमा धेरै काम गर्न सकिने धारणा राख्नुभएको थियो । देशको अर्थतन्त्रलाई मजबूत बनाउन सार्वजनिक वित्तीय व्यवस्थापनको महत्वपूर्ण योगदान हुने भएकोले यसको प्रभावकारी संचालनमा जोड दिनुभएको थियो । त्यसैगरी महालेखापरीक्षक श्री भानुप्रसाद आचार्यले पनि यस क्षेत्रको विकासगर्दै अर्थतन्त्र बलियो बनाउनु पर्ने धारणा राख्नुभएको थियो । प्रमुख अतिथि, विशेष अतिथि तथा प्रमुख वक्ताहरूले संस्थाले विश्व बैंक तथा CAPA संगको संयुक्त आयोजनामा भएको यस सम्मेलनको प्रशंसा समेत गर्नुभएको थियो ।

कार्यक्रमलाई विधिवत शुभारम्भ गर्ने क्रममा संस्थाका अध्यक्ष सिए. नरेन्द्र भट्टराईले स्वागत मन्तव्य, र कापा अध्यक्ष Mr. Sejeewa Mudalige तथा महालेखा नियन्त्रक श्री शंकरप्रसाद अधिकारीले शुभारम्भ मन्तव्य दिनुभएको थियो ।

मार्च २८ र २९, २०१५मा आयोजित सम्मेलन चार शेसनमा संचालन गरिएको थियो ।

प्रथम शेसनको प्रमुख विषयबस्तु Improving PFM Globally - Recent Development मा आधारित भई तीनवटा प्रस्तुतीहरू भएका थिए । Mr. Brian Blood, Chief Executive CAPA, Ms. Gillan Fawcett, Head of Public Sector र Ms. Sumita Shah, Regulatory Policy Manager, Public Sector, ICAEW ले क्रमशः "The Latest Development and Issues in Public Sector Accounting: An Overview of the Public Sector Accounting Landscape", "Improving Public Financial Management in Developing Countries and Emerging Economies: Need to Explore and Understand the Common Issues, Learn the Lessons and Secure Effective Practice" र "Sustainable Public Finances: Decisions of Today Effect Tomorrow's Generation" शीर्षकमा प्रस्तुतिकरण गर्नुभएको थियो । सत्रको अध्यक्षता CAPA President Mr. Sujeewa Mudalige ले गर्नुभएको थियो ।

दोस्रो शेसनको प्रमुख विषयबस्तु Improving PFM in Nepal- Recent Initiatives, Achievemetns, Challenges and Way Forward अन्तर्गत चारवटा प्रस्तुतीहरू भएका थिए । श्री बाबुराम सुवेदी, उपसचिव PEFA सचिवालय, श्री शंकर प्रसाद अधिकारी, महालेखा नियन्त्रक, र श्री बाबुराम गौतम , नायव महालेखापरीक्षक र विश्व बैंकका प्रतिनिधिद्वय वरिष्ठ वित्तीय व्यवस्थापन बिशेषज्ञ श्री रजत नरूला र श्री योगेश मल्ल ले क्रमशः "Presentation of Preliminary Findings of PEFA Assessment, 2014", "Sharing Success Stories of Treasury Single Account and NPSAS Implementation", "Sharing of Peer Review Results Based on SAI Performance Measurement Framework and OAG Plans to Address the Recommendations" र "Preliminary Results of Nepal ROSC Assessment-2014" शीर्षकमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उक्त सत्रको अध्यक्षता महालेखापरीक्षक श्री भानुप्रसाद आचार्यले गर्नुभएको थियो ।

सम्मेलनको तेस्रो शेसनको प्रमुख विषयबस्तु The Future- Developments in the Public Sector Reporting Supply Chain लाई आधार बनाई तीन वटा प्रस्तुतिकरणहरू भएका थिए । MR. Gill Cox, Director CAPA, Mr. Brian Blood, Chief Executive CAPA र Ms. Gillian Fawcett, Head of Public Sector ACCA ले क्रमश "Moving from Conformance to Performance- a New Zealand Experience: Public Sector Accountability is More Than Just Reporting the Financial Rather Focus on Performance" र "Recent Research Paper- Consolidated Accrual- Based Public Sector Accountants: Experience from Five OCED Countries." शीर्षकमा प्रस्तुतिकरण गर्नुभएको थियो । उक्त सत्रको अध्यक्षता Mr. Young Jin Park, Chair of PSFMC, CAPA ले गर्नुभएको थियो ।

सम्मेलनको चौथो तथा अन्तिम शेसनमा यस शेसनको विषयवस्तु The future- The role of professional accountants in improving governance and PFM लाई आधार बनाई दुईवटा प्रस्तुतीकरण भएका थिए । Ms. Susmita Shah, Regulatory Policy manager, Public Sector, ICAEW र Mr. Gordon Ferrier, Head of Global Membership, Chartered Institute of Public Finance & Accountancy (CIPFA) ले क्रमशः " A CFO at the Cabinet Table: A Look at What the UK Government is Putting in Place and What the Government of Nepal may Wish to Consider" र "Professionalizing the PFM Function: A Presentation on CAPA's Experience in Professionalizing the PFM Functions to Create a Professional Cadre of PFM Staff" शीर्षकमा प्रस्तुतिकरण गर्नुभएको थियो । उक्त सत्रको अध्यक्षता Mr. Fily Sissoko, Manager, South Asia Financial Management, The World Bank ले गर्नुभएको थियो ।

कार्यक्रमको अन्तमा Mr. Brian Blood, Chief Executive CAPA, Mr. Fily Sissoko, Manager, South Asia Fianacial Management, The World Bank ले समापन मन्तव्य दिनु भएको थियो भने संस्थाका अध्यक्ष सिए. नरेन्द्र भट्टराईले कार्यक्रमका प्रस्तोताहरू तथा अध्यक्षहरूलाई Token of Appreciation प्रदान गर्नुभएको थियो ।

### Diploma in IFRS

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले Association of Chartered Certified Accountants(ACCA), UK को संयुक्त आयोजनामा अप्रिल ४ देखि १० २०१५ सम्म सात दिनको Diploma in IFRS Course संचालन गऱ्यो । ACCA ले संचालन गर्दै आएको Diploma IFRS को परीक्षा पास गर्न सहज होस भन्ने उद्देश्यका साथ यो कोर्ष संचालन गरिएको थियो । साथै IFRS विषयमा दक्ष जनशक्तिको विकास गर्नु पनि यसको ध्येय रहेको थियो ।

ACCA का प्रतिनिधि र संस्थाका अध्यक्षले कार्यक्रममा शुभारम्भ मन्तव्य दिनुभएको थियो । कोर्ष संचालनको दौरानमा पर्याप्त मात्रामा अभ्यासको अवसर प्रदान गरिनुका साथै ACCA को E-learning प्रणालीको बारेमा समेत जानकारी प्रदान गराईएको थियो । IFRS का बिभिन्न शीर्षकहरू समावेश गरी संचालन गरिएको कोर्षमा ४६ जनाको सहभागिता रहेको थियो ।

### सातौं परिषदको निर्वाचन सम्पन्न

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली २०६१ बमोजिम मिति २०७२ जेष्ठ २९ गते शुक्रवार नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सातौं परिषदको निर्वाचन सम्पन्न भयो । एकल संक्रमणीय मत प्रणालीको आधारमा विजयी हुनु भएका १० चार्टर्ड एकाउन्टेन्ट र ४ दर्तावाला लेखापरीक्षक सदस्यहरूको नाम निम्न अनुसार रहेको छ ।

| क्र.सं | सदस्यको नाम | क्र.सं | सदस्यको नाम |
|---|---|---|---|
| १ | सिए. प्रकाश लम्साल | ८ | सिए. महेश खनाल |
| २ | सिए. प्रकाश जंग थापा | ९ | सिए. भवनाथ दहाल |
| ३ | सिए. भरत रिजाल | १० | सिए. जगन्नाथ उपाध्याय निरौला |
| ४ | सिए. सुरेश देवकोटा | ११ | आरए. यादव प्रसाद न्यौपाने |
| ५ | सिए. राम प्रबोध शाह | १२ | आरए. सूर्य प्रसाद अधिकारी |
| ६ | सिए. सुनिल जाकिबञ्जा | १३ | आरए. गणेश राज राई |
| ७ | सिए. भास्कर सिंह लाला | १४ | आरए. ध्रुव प्रसाद पौडेल |

### अध्यक्ष र उपाध्यक्षको चयन

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन तथा नियमावली बमोजिम संस्थाको परिषदले सातौं परिषदको निमित्त अध्यक्ष तथा उपाध्यक्षको चयन गरेको छ ।



सिए. महेश खनाल    सिए. प्रकाश लम्साल

अध्यक्ष पदमा सिए. प्रकाश लम्साल र उपाध्यक्ष पदमा सिए. महेश खनाल निर्विरोध निर्वाचित हुनुभएको छ । सिए. प्रकाश लम्साल छैठौं परिषदको प्रथम तथा द्वितीय वर्षमा परिषद सदस्य र तेस्रो वर्षमा उपाध्यक्ष र सिए. महेश खनाल पाँचौं परिषदमा परिषद सदस्य हुनु हुन्थ्यो ।

### नेपाल सरकारलाई संस्थाद्वारा सुझाव प्रस्तुत

यही २०७२ बैशाख १२ गते गएको महाभूकम्प तथा बैशाख १३ तथा २९ गते गएको ठूला पराकम्पन साथै त्यस पछाडि गएका लगातारका पराकम्पहरूले नेपालको आर्थिक, सामाजिक आदि हरेक क्षेत्रलाई असर पारेको छ । नेपाल सरकारलाई महाभुकम्पबाट सृजित समस्या सम्बन्धी राहत, पुनर्निर्माण र पुनःस्थापनाका लागि नीति निमार्ण कार्यमा सहजता पुऱ्याउने अभिप्रायले संस्थाले नेपाल सरकारलाई १० बुंदामा सुझाव पेश गरेको छ । संस्थाले नेपाल सरकारलाई पेश गरेको १० वटा सुझावका बुंदाहरू निम्न अनुसार रहेका छन् ।

- Constitute an Organization as a Special Purpose Vehicle to Implement Reconstruction and Rehabilitation Program as a special Project
- Constitute a Central Level Committee
- Constitute a Central Level Monitoring Committee
- Constitute a District Level Committee
- Improve Capacity and Capability at Service Delivery Front
- Provide Option of Reimbursement System to Development Partners
- Arrangement of Performance Monitoring, Reporting and Internal Audit
- Preparation of Manual of Standard Operating Procedures
- Preparation and Maintenance of Database
- Arrangement of Tax Benefit

### रकम संकलन तथा राहत बितरण

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले बैशाख १२, १३ र २९, २०७२ मा आएको महाविनाशकारी भुकम्पले श्रृजना गरेको दुखद क्षणलाई सकेसम्म राहतको माध्यमबाट केही सहयोग पुऱ्याउने अभिप्रायले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले राहत कोष खडा गरी सहयोग रकम संकलनको अपिल गरेकोमा अन्तर्राष्ट्रिय लेखाव्यवसायी संस्थाहरूबाट साथै संस्थाका सदस्यहरूबाट रकम प्राप्त गरेको छ । CPA Australia Ltd र CAPA बाट क्रमशः प्राप्त १०००० (दश हजार) अस्ट्रेलीयन डलर र ४१०० (चार हजार एकसय) अमेरिकन डलर संस्थाको कोषमा, ICAB तथा ICMAB ले सहयोग रकम बंगलादेश स्थित नेपाली राजदुतावासमा सिधै हस्तान्तरण गरेको छ । ICAB तथा ICMAB बाट क्रमशः १०००००० (दश लाखमात्र) टाका र ५००००० (पाँच लाखमात्र) टाका सहयोग प्राप्त भएको थियो । संस्थाको कोषमा जम्मा भएको २७,०४,४०८ (सत्ताईस लाख चारहजार, चारसय आठ मात्र) को चेक असार २२, २०७२ मा सम्माननीय प्रधानमन्त्री ज्यूलाई हस्तान्तरण गरिएको छ ।



प्रधानमन्त्री दैवीप्रकोप राहत कोषका लागि
सम्मानीय प्रधानमन्त्रीलाई रकम हस्तान्तरण गर्दै संस्थाका प्रतिनिधि

यसका अलावा संस्थाले आफ्नै अग्रसरतामा साँखु, काठमाडौंमा भुकम्प पीडितलाई कम्मल समेत बितरण गरेको थियो ।

### NFRS सम्बन्धी अन्तरक्रिया कार्यक्रम

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले जेष्ठ १३, २०७२मा संस्थाको आफ्नै भवन, सातदोबाटो, ललितपुरमा NFRS सम्बन्धी अन्तरक्रिया कार्यक्रम संचालन गरेको थियो ।

अन्तरक्रिया कार्यक्रममा संस्थाका पार्षदहरू, NFRS for Banking Committee का सदस्यहरू, Implementation Of NFRS Committee का सदस्यहरू, Implementation of NFRS for Insurance Committee का सदस्यहरु र Accounting Standard Board का सदस्यहरूले भाग लिनुभएको थियो । उक्त अन्तरक्रिया कार्यक्रममा सिए. मुकुन्ददेव अधिकारीले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा मा ३५ जनाको सहभागिता रहेको थियो ।

### Unified Directives of NRB सम्बन्धी अन्तरक्रिया कार्यक्रम

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले असार ४, २०७२ मा संस्थाको आफ्नै भवन, सातदोबाटो, ललितपुरमा **Unified Directives of NRB** सम्बन्धी अन्तरक्रिया कार्यक्रम संचालन गरेको थियो । अन्तरक्रिया कार्यक्रममा अध्यक्ष, उपाध्यक्ष लगायत अन्य पार्षदहरू र बैंकिङ् क्षेत्रको लेखाव्यवसायमा संग्लग्न संस्थाका अन्य सदस्यहरू सहित २० जनाको सहभागिता थियो ।

### कर्मचारीद्वारा बंगलादेशको अवलोकन भ्रमण

संस्थाका सह-निर्देशकद्वय सिए. पुष्पेन्द्र सिंह र सुश्री गोमा राउतले अवलोकन भ्रमणको रूपमा ICAB, बंगलादेशको भ्रमण गर्नु भयो । उहाँहरूले यस भ्रमणको उद्देश्य बमोजिम Institute of Chartered Accountants of Bangladesh (ICAB) को आन्तरिक कार्यप्रणाली, शिक्षा प्रणाली, परीक्षा प्रणाली, सदस्यता प्रदान गर्ने तरिका, संगठनात्मक ढाँचा, तथा शुसासन पद्दती, ICAB संगका MOU र MRA का बारेमा छलफल तथा जानकारी लिनुभएको थियो ।

भ्रमणको अवधिमा उहाँहरूले ICAB का बिभिन्न क्षेत्रका अधिकारीहरूसंग छलफल गर्नु भई नेपाल तथा बंगलादेशका लेखाव्यवसायमा गरिएका प्रयोग र अनुभव आदान प्रदान भएको थियो । सोही क्रममा बंगलादेशको आर्थिक तथा राजनैतिक प्रणालीको बारेमा समेत जानकारी लिनु भएको थियो । भ्रमण टोलीले परिषद समक्ष आफ्नो भ्रमण प्रतिवेदन पेश गरेको थियो ।

### सदस्य क्षमता अभिबृद्धी तालिम

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले सदस्यको क्षमता अभिबृद्धी गराउने उद्देश्यले धनगढी, जनकपुर र इटहरीमा क्रमशः असार ४-५, ११-१२ र १८-१९ मा सदस्य क्षमता अभिबृद्धी तालिम संचालन गऱ्यो । क्षमता अभिबृद्धी तालिममा कम्पनीको Financial Statement Preparation, Presentation र Audit Process and Documentation सम्बन्धमा तालिम प्रदान गरिएको थियो । तालिममा सहभागीहरूलाई पर्याप्त प्रयोगात्मक अवसरहरू प्रदान गरिएको थियो ।

| क्र.स | स्थान | तालिमकर्ता | सहभागी संख्या |
|---|---|---|---|
| १ | धनगढी | आरए. मोहनकुमार सुवेदी- पार्षद र सिए. किशनलाल फतेचन्द नाहटा | ४० |
| २ | जनकपुर | आरए. बद्रीप्रसाद भट्टराइ-पार्षद, र सिए. नागेन्द्र साह | ४७ |
| ३ | इटहरी | आरए. मोहनकुमार सुवेदी- पार्षद, सिए. नागेन्द्र साह र श्री विनोद न्यौपाने | ७६ |

## सदस्यता, पेशागत प्रमाणपत्र र लेखाव्यवसायी प्रमाणपत्र नवीकरण सम्बन्धी

१ श्रावण २०७१ देखि २०७२ असार मसान्त सम्म कूल सदस्यता, पेशागत प्रमाणपत्र तथा लेखाव्यवसायी संस्थाको स्थिति तथा नवीकरण स्थिति निम्न अनुसार रहेको छ ।

| सदस्य | सदस्यता | | पेशागत प्रमाणपत्र | | लेखाव्यवसायी संस्था | |
|---|---|---|---|---|---|---|
| | कूल | नवीकरण | कूल | नवीकरण | कूल | नवीकरण |
| सिए/एफसिए | ८७४ | ८२५ | ६६२ | ३२६ | ५६० | ३१० |
| आरए. बी | ३३७५ | २१०९ | ३१३८ | १५४२ | १२९५ | १०५२ |
| आरए. सी | १६०६ | ९३० | १४७३ | ७३४ | ६४५ | ५१६ |
| आरए. डी | २२८६ | १३७४ | २०९४ | ११९५ | ९२३ | ८३९ |
| कूल सदस्य | ८१४१ | ५२३८ | ७३६७ | ३७९७ | ३४२३ | २७१७ |

## चर्टर्ड एकाउन्टेन्सी बार्षिक परीक्षा तथा सदस्यता परीक्षा

बिनाशकारी महाभुकम्पको कारणबाट उत्पन्न परिस्थितिले जून महिनामा संचालन गर्नुपर्ने परीक्षा एक महिनाको लागि स्थगित भई जुलाई महिनामा संचालन भयो । यस पटक संस्थाको मुख्य कार्यालय लगायत चारवटा शाखाहरूबाट परीक्षा संचालन भएको थियो । यस पटक शाखा कार्यालयहरू बिराटनगर, पोखरा, वीरगंजबाट CAP I र CAP II साथै बुटवलबाट CAP I को परीक्षा संचालन भएको थियो । १-९ जुलाई २०१५ सम्म संचालन भएको परीक्षाका लागि योग्य परीक्षार्थीहरूको संख्या निम्न बमोजिम रहेको थियो ।

| तह | दुबै समूह | पहिलो समूह | दोश्रो समूह | कूल |
|---|---|---|---|---|
| **CAP I** | - | - | - | ४७३ |
| **CAP II** | ६६८ | ३५७ | २५४ | १२७९ |
| **CAP III** | १५१ | १५५ | १६५ | ४७१ |
| **Total** | ८१९ | ५१२ | ४१९ | २२२३ |

त्यसैगरी ICAI बाट चार्टर्ड एकाउन्टेन्टको सदस्यता लिई पेशागात प्रमाणपत्र प्राप्त गरेका २९४ जनाले यस पटकको सदस्यता परीक्षाका लागि आफ्नो नाम दर्ता गराएका थिए । जस अन्तर्गत २८३ जनाले कर्पोरेट ल को लागि र २७८ जनाले एडभान्स टेक्शेसनको लागि परीक्षामा बस्ने अनुमति प्राप्त गरेका थिए ।

## व्यवस्थापन तथा सञ्चार सीप तालिम

CAP III, फाईनल र लेखाप्राविधिक तहको परीक्षा उत्तीर्ण गरेका र CAP III तहमा दुवै समूहको परीक्षामा उपस्थित भएका बिद्यार्थीहरूको क्षमता अभिवृद्धि गर्ने प्रयोजनको लागि अनिवार्य गरिएको व्यवस्थापन तथा सञ्चार सीप तालिम ६ महिनाको अन्तरालमा नियमित रूपमा संचालन हुंदै आएको छ ।

तालिम संस्थाको मापदण्ड अनुरूप काठमाडौं विश्वविद्यालय स्कुल अफ मेनेजमेन्ट (कूसोम) ले संचालन गरेको थियो । सातौं ब्याचको व्यवस्थापन तथा सञ्चार सीप तालिम ९-२७ मार्च, २०१५ सम्म संचालन भएको थियो । उक्त तालिममा ३५ बिद्यार्थीहरूको सहभागिता रहेको थियो ।

## छात्रबृत्ति वितरण

हरेक बर्षझै आर्थिक बर्ष २०७१/७२ मा संस्थाले बिभिन्न तहका ५० बिद्यार्थीलाई आशिंक तथा पूर्ण छात्रबृत्ति प्रदान गर्‍यो । तोकिएको मापदण्ड पुरा गरेका जेहेन्दार बिद्यार्थीलाई संस्थाले छात्रबृत्ति प्रदान गर्दै आईरहेको छ । संस्थाले यस पटक निम्न संख्यामा छात्रबृत्ति प्रदान गरेको छ ।

| तह | पूर्ण छात्रबृत्ती | आंशिक छात्रबृत्ती | कूल |
|---|---|---|---|
| CAP I | ४ | १६ | २० |
| CAP II | ५ | २० | २५ |
| CAP III | ० | ५ | ५ |
| कूल | ९ | ४१ | ५० |

## बिद्यार्थी दर्ता

बिद्यार्थीहरू माझ चार्टर्ड एकाउन्टेन्सी कोर्ष निकै आकर्षक कोर्षको रूपमा रहेको छ । आर्थिक बर्ष २०७१/७२ मा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थामा दर्ता भई बिभिन्न तहमा अध्ययन गर्ने बिद्यार्थीको संख्या निम्न रहेको छ ।

| तह | CAP I | CAP II | CAP III |
|---|---|---|---|
| बिद्यार्थी दर्ता संख्या | १०२६ | ८०२ | १८६ |

## सूचना तथा निर्देशनहरू

### न्यूनतम लेखापरीक्षण शुल्क तथा अधिकतम फाइल संख्याको प्रावधानमा परिमार्जन सम्बन्धी सूचना ।

परिषदको मिति २०७१ फाल्गुण ४ गते बसेको १९४औं बैठकको निर्णयानुसार संस्थाका सदस्यहरूले विभिन्न निकायको लेखापरीक्षण गर्दा लिइने न्यूनतम लेखापरीक्षण शुल्क तथा परिषदले निर्धारण गरेको लेखापरीक्षण गर्न पाउने अधिकतम फाइल संख्याको प्रावधानमा परिमार्जन गरेको छ । परिमार्जित न्यूनतम लेखा परीक्षण शुल्क निम्न बमोजिम कायम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै उपरोक्त परिमार्जित न्यूनतम शुल्क तथा फाइल संख्याको व्यवस्था मिति २०७२ श्रावण १ गते देखि लिइने नियुक्तीहरूमा लागु हुने समेत निर्णय गरिएको छ ।

क) संस्थाका पेशागत प्रमाणपत्र प्राप्त सदस्यहरूले तलका बुंदाहरूमा उल्लेख गरिएका निश्चित संस्था तथा निकायहरू बाहेकका संस्था तथा निकायहरूको लेखापरीक्षण गरे बापत प्राप्त गर्नुपर्ने न्यूनतम लेखापरीक्षण शुल्कमा देहाय बमोजिम निर्धारण गरिएको छ ।

| | संशोधित लेखापरीक्षण शुल्क रू. |
|---|---|
| "घ" वर्गका दर्तावाला लेखापरीक्षक सदस्य तथा लेखा प्राविधिज्ञले | रू. ५,००० |
| "ग" वर्गका दर्तावाला लेखापरीक्षक सदस्यले | रू. १०,००० |
| "ख" वर्गका दर्तावाला लेखापरीक्षक सदस्यले | रू. १५,००० |
| फेलो चार्टर्ड एकाउन्टेन्ट सदस्य/चार्टर्ड एकाउन्टेन्ट सदस्यले | रू. २०,००० |

ख) संस्थाका पेशागत प्रमाणपत्र प्राप्त सदस्यहरूले सूचिकृत सार्वजनिक वित्तीय संस्थाहरूको लेखापरीक्षण गर्दा कूल कर्जा लगानी वा निक्षेप जुन बढी हुन्छ त्यसैको आधारमा प्राप्त गर्नुपर्ने न्यूनतम लेखापरीक्षण शुल्क देहाय बमोजिम निर्धारण गरिएको छ ।

| सूचिकृत सार्वजनिक वित्तीय संस्था | |
|---|---|
| कर्जा लगानी वा निक्षेप रकम रू. | न्यूनतम लेखापरीक्षण शुल्क रू. |
| १०० अर्व भन्दा माथि | २५,००,००० |
| ५० अर्व भन्दा माथि | २०,००,००० |
| १० अर्व भन्दा माथि | १०,००,००० |
| ५ अर्व भन्दा माथि | ५००,००० |
| १ अर्व भन्दा माथि | ३००,००० |
| न्यूनतम | १००,००० |

उपरोक्त न्यूनतम शुल्कको अधिनमा रही "क" बर्गको वाणिज्य बैंकहरूको लेखापरीक्षण गर्दा प्राप्त गर्नुपर्ने न्यूनतम लेखापरीक्षण शुल्क रू. १० लाख भन्दा कम हुनु हुंदैन ।

ग) संस्थाका पेशागत प्रमाणपत्र प्राप्त सदस्यहरूले अन्य सूचिकृत भएका तथा नभएका सार्वजनिक एवं निजी कम्पनी तथा अन्य संस्थाहरूको लेखापरीक्षण गर्दा प्राप्त गर्नुपर्ने न्यूनतम लेखापरीक्षण शुल्क देहाय बमोजिम निर्धारण गरिएको छ ।

| कारोवार रकम रू. | अन्य सूचिकृत तथा सार्वजनिक संस्थाहरूको न्यूनतम लेखापरीक्षण शुल्क रू. | निजी कम्पनी तथा प्रचलित कानून बमोजिम स्थापना भएको अन्य संस्थाको न्यूनतम लेखापरीक्षण शुल्क रू. |
|---|---|---|
| ५० अर्व भन्दा माथि | २०,००,००० | १५,००,००० |
| १० अर्व भन्दा माथि | १०,००,००० | ८,००,००० |
| ५ अर्व भन्दा माथि | ५,००,००० | ४,००,००० |
| १ अर्व भन्दा माथि | ३००,००० | २५०,००० |
| ६० करोड भन्दा माथि | २००,००० | १५०,००० |
| १५ करोड भन्दा माथि | सूचिकृत कम्पनीको न्यूनतम शुल्क लागु हुने | १००,००० |
| २ करोड भन्दा माथि | सूचिकृत कम्पनीको न्यूनतम शुल्क लागु हुने | ४०,००० |

उपरोक्त न्यूनतम शुल्कको अधिनमा रही सुचिकृत कम्पनीहरूको लेखापरीक्षण गर्दा प्राप्त गर्नुपर्ने न्यूनतम लेखापरीक्षण शुल्क रू. १ लाख भन्दा कम हुनु हुंदैन ।

घ) संस्थाका पेशागत प्रमाणपत्र प्राप्त सदस्यहरूले सहकारी संस्थाहरूको लेखापरीक्षण गर्दा कूलकर्जा लगानी वा निक्षेप जुन बढी हुन्छ त्यसैको आधारमा प्राप्त गर्नुपर्ने न्यूनतम लेखापरीक्षण शुल्क देहाय बमोजिम निर्धारण गरिएको छ ।

| कर्जा लगानी वा निक्षेप रकम रू. | न्यूनतम लेखापरीक्षण शुल्क रू |
|---|---|
| ५ अर्व भन्दा माथि | ५००,००० |
| १ अर्व भन्दा माथि | २००,००० |
| ६० करोड भन्दा माथि | १००,००० |
| १५ करोड भन्दा माथि | ७५,००० |
| ५ करोड भन्दा माथि | ५०,००० |
| २ करोड भन्दा माथि | २५,००० |

ङ) संस्थाका पेशागत प्रमाणपत्र प्राप्त सदस्यहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू तथा अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाहरूमा लेखापरीक्षण गर्दा, सो संस्थाहरूले नगदमा आधारित वित्तीय विवरण तयार गर्ने हुनाले, अनुदान तथा अन्य प्राप्तिको कूल रकमको आधारमा प्राप्त गर्नुपर्ने न्यूनतम लेखापरीक्षण शुल्क देहाय बमोजिम निर्धारण गरिएको छ ।

| अनुदान तथा अन्य प्राप्त रकम रू. | न्यूनतम लेखापरीक्षण शुल्क रू |
|---|---|
| ५० करोड भन्दा माथि | ५००,००० |
| २० करोड भन्दा माथि | २००,००० |
| १ करोड भन्दा माथि | १००,००० |
| ५० लाख भन्दा माथि | ५०,००० |

उपरोक्त न्यूनतम शुल्कको अधिनमा रही अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको लेखापरीक्षण गर्दा प्राप्त गर्नुपर्ने न्यूनतम लेखापरीक्षण शुल्क रू. १ लाख भन्दा कम हुनेछैन ।

च) संस्थाका पेशागत प्रमाणपत्र प्राप्त सदस्यहरूले स्थानीय निकायहरूको लेखापरीक्षण गर्दा प्राप्त गर्नुपर्ने न्यूनतम लेखापरीक्षण शुल्क देहाय बमोजिम निर्धारण गरिएको छ ।

| | न्यूनतम लेखापरीक्षण शुल्क रू. |
|---|---|
| काठमाडौं उपत्यका, काभ्रे, कास्की बाहेक पहाडी क्षेत्रका सबै नगरपालिका | १००,००० |
| काठमाडौं उपत्यका, काभ्रे, कास्की तथा तराईका सबै नगरपालिका | १५०,००० |
| सबै उपमहानगरपालिका | ५,००,००० |
| सबै महानगरपालिका | १०,००,००० |

छ) सदस्यहरूले लेखापरीक्षण तथा अन्य कार्यको लागि प्रस्ताव पेश गर्दा विभिन्न तहको Manpower को न्यूनतम शुल्क तथा Certification Work को न्यूनतम शुल्क देहाय बमोजिम निर्धारण गरिएको छ ।

अ) Statutory Audit / Internal Audit / Tax Audit & Accountancy Consultancy Job / Investigation /Management Service / Special assignments कार्यको लागि:

| | बिद्यमान शुल्क प्रतिदिन रू. | परिमार्जित शुल्क प्रतिदिन रू. |
|---|---|---|
| एफ.सि.ए. सदस्यको हकमा | ४,००० | १०,००० |
| सि.ए.सदस्यको हकमा | ३,००० | ७,५०० |
| आर.ए.बी. सदस्यको हकमा | १,५०० | ५,००० |
| अन्य सदस्य र सहायकको हकमा | १,००० | ३,००० |

आ) Certification Work को लागि

| | बिद्यमान शुल्क प्रतिकार्य रू. | परिमार्जित शुल्क प्रतिकार्य रू. |
|---|---|---|
| एफ.सि.ए. सदस्यको हकमा | ३,००० | ३,००० |
| सि.ए.सदस्यको हकमा | २,५०० | ३,००० |
| आर.ए. सदस्यको हकमा | | १,५०० |

ज) रू. २० (बीस) लाख भन्दा कम कारोबार हुने प्रा.लि., एकलफर्म, साझेदारी फर्म, सहकारी संस्था सरकारी प्राथमिक विद्यालयहरू, धार्मिक संघ संस्था, सामाजिक संघ संस्था, उपभोक्त समूह, विभिन्न किसिमका समितिहरू, ट्रेड युनियन तथा पेशागत संघ संगठनहरू तथा अन्य यस्तै प्रकृतिका संघ संस्थाहरूको हकमा न्यूनतम लेखापरीक्षण शुल्क लागु हुने छैन । तर विना पारिश्रमिक लेखापरीक्षण गर्न भने पाइने छैन ।

झ) संस्थाका पेशागत प्रमाणपत्र प्राप्त सदस्यले आन्तरीक लेखापरीक्षण गर्दा प्राप्तगर्ने शुल्क पनि माथि निर्धारण गरिएको न्यूनतम लेखापरीक्षण शुल्ककै आधारमा लिनुपर्ने छ । कुनै विशेष क्षेत्र अथवा कुनै कारोवारमा सिमित रहने गरी आन्तरीक लेखापरीक्षण गर्नु परेमा बुंदा नं छ(अ) बमोजिमको प्रतिकार्य दिनको लागि तोकिएको न्यूनतम पारिश्रमिक भन्दा कम हुने छैन ।

ञ) संस्थाका पेशागत प्रमाणपत्र प्राप्त सदस्यले कर लेखापरीक्षण तथा नियमनकारी निकायले माग गरेको विशेष प्रतिवेदन तयार गर्दा छुट्टै शुल्क लिनुपर्ने छ र सो शुल्क बुंदा छ(अ) बमोजिम प्रतिकार्य दिनको लागि तोकिएको न्यूनतम पारिश्रमिक भन्दा कम हुने छैन ।

ट) माथि उल्लेख गरिएको लेखापरीक्षण शुल्कमा लेखापरीक्षणसंग सम्बन्धित अन्य खर्चहरू समावेश गरिएको छैन । लेखापरीक्षणसंग सम्बन्धित अन्य खर्च छुट्टै हुनेछ ।

ठ) न्यूनतम लेखापरीक्षण शुल्क निर्धारण गर्ने प्रयोजनको लागि लेखापरीक्षण भएको अघिल्लो आ.व.को वित्तीय विवरणलाई आधार मान्नु पर्नेछ ।

ड) सार्वजनिक निकायहरूको लेखापरीक्षण शुल्कको हकमा महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षक नियुक्त भई तहाँबाट शुल्क तोकिने निकायहरूको हकमा लेखापरीक्षण शुल्क महालेखापरीक्षकको कार्यालयले तोकेको बमोजिम हुनेछ ।

ढ) नेपाल सरकारले संस्थाका सदस्यलाई लेखापरीक्षणको कार्य तथा व्यावसायिक प्रतिस्पर्धा बाहेकका अन्य कुनै पनि कार्यमा समावेश गराउंदाका हकमा यो निर्देशन लागु हुने छैन ।

ण) पेशागत प्रमाणपत्र प्राप्त सदस्यले एक आर्थिक बर्षमा १०० वटा सम्ममात्र लेखापरिक्षण गर्न पाउने छ । तर उक्त १०० वटा सीमा संख्या मध्ये पव्लिक लिमिटेड कम्पनीको सीमा संख्या १० वटाभन्दा बढि हुनु हुंदैन । साझेदारी फर्मका प्रत्येक साझेदारले उपरोक्त सीमासम्म लेखापरीक्षण गर्न पाउनेछ ।

तर, रू. २० (बीस) लाख भन्दा कम कारोबार हुने प्रा.लि., एकलफर्म, साझेदारी फर्म, सहकारी संस्था सरकारी प्राथमिक विद्यालयहरू, धार्मिक संघ संस्था, सामाजिक संघ संस्था, उपभोक्त समूह, विभिन्न किसिमका समितिहरू, ट्रेड युनियन तथा पेशागत संघ संगठनहरू तथा अन्य यस्तै प्रकृतिका संघ संस्थाहरूको लेखापरीक्षण माथि उल्लेखित फाईल संख्याको सीमा गणना गर्ने प्रयोजनको निमित्त सामेल गरिने छैन ।

त) न्यूनतम लेखापरीक्षण शुल्क तथा फाइल संख्या निर्धारण प्रयोजनको लागि कारोबार रकम भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ५३ मा उल्लेख भए बमोजिम हुनेछ ।

## एक व्यक्ति एक पेशा क्रमिक रुपमा लागु गर्ने बारे सूचना

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ बमोजिम मिति २०६७ पौष २० गते देखि पूर्णकालीन सेवामा रहेका चार्टर्ड एकाउन्टेन्ट सदस्यहरूलाई पेशागत प्रमाणपत्र रोक लगाउने कार्य भइसकेको र २०७० श्रावण १ गते देखि पूर्णकालीन सेवामा रहेका दर्तावाला लेखापरीक्षक सदस्यहरूलाई चरणबद्ध रूपमा पेशागत प्रमाणपत्र रोक लगाउने व्यवस्था भए बमोजिम हालै परिषदले गरेको थप निर्णयानुसार २०७२ श्रावण ०१ गतेदेखि सेवारत दर्तावाला लेखापरीक्षक सदस्यले निम्नानुसार संस्थाहरूको लेखापरीक्षण गर्न नपाउने व्यहोरा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

क) सबै पव्लिक कम्पनीहरू तथा १ करोड भन्दा बढीका प्राईभेट कम्पनीहरू
ख) रू. २ करोड भन्दा बढी रकमका प्राईभेट कम्पनीको रूपमा स्थापित शैक्षिक संस्थाहरू
ग) ग्रामिण क्षेत्र बाहेकका कर लाग्ने ३ करोड भन्दा बढी रकमका बचत तथा ऋण सहकारी संस्थाहरू र
घ) २ करोड भन्दा बढी रकमको निजी तथा साझेदारी फर्महरू, उद्योगहरू

उपरोक्त बाहेकका सबै निकायहरूको लेखापरीक्षण गर्न पाउने ।

२०७४ श्रावण १ गतेबाट एक व्यक्ति एक पेशा पूर्णरूपमा लागु हुनेछ ।

टिकट

प्रकाशक : सम्पादन समिति
नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)
सातदोबाटो, ललितपुर, पो.ब.नं. ५२८९ (काठमाडौं), फोन: ०१-५५३०८३२, ५५३०७३०
फ्याक्स: ००९७७-१-५५५०७७४, इमेल: ican@ntc.net.np, वेवसाइट: www.ican.org.np
शाखाहरू: विराटनगर, बुटवल, वीरगञ्ज, पोखरा, नेपालगञ्ज